# विश्वामित्र-मेनका खण्डकाव्यमा नारीवाद

सुभाषचन्द्र न्यौपाने

उपप्राध्यापक

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

subashneupane953@gmail.com

DOI: https://doi.org/10.3126/dristikon.v11i1.39171

## लेखसार

प्रस्तुत अध्ययनमा खण्डकाव्यकार घनश्याम कँडेलको पौराणिक विषयवस्तुमा आधारित *विश्वामित्र-मेनका* खण्डकाव्यलाई नारीवादी चेतनाका आधारमा विश्लेषण गरिएको छ । नारीवाद राजनैतिक समतामूलक विचार बोकेको साहित्यिक आन्दोलन हो । यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा बढी नारीहरूको साहित्यिक स्वतन्त्रताको शङ्खघोष गर्ने र परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने चिन्तन हो । कँडेलको वि.सं.२०६६ सालमा प्रकाशित भएको यस खण्डकाव्यमा केकस्ता नारीवादी चिन्तनहरू रहेका छन् भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । पितृसत्तात्मक समाजमा नारीहरूले भोग्नुपरेका नारकीय कष्टहरू केकस्ता थिए, नारीहरूले आफ्नो स्वतन्त्र अस्तित्व स्थापनाका लागि केकस्ता प्रयत्नहरू गरेका थिए, खण्डकाव्यमा नारीहरूको अवस्था केकस्तो कारुणिक थियो र उनीहरूले नारीमुक्तिका लागि केकस्ता अभियानहरू सञ्चालन गरेका थिए भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा प्राथमिक सामग्रीका रूपमा खण्डकाव्यकार घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा नारीवादी साहित्यसिद्धान्त तथा *विश्वामित्र-मेनका* खण्डकाव्यका सन्दर्भमा प्रकाश पारी लेखिएका पुस्तक, पत्रपत्रिका, भूमिकाजस्ता पुस्तकालयीय सामग्रीहरूको उपयोग गरिएको छ । सामग्री विश्लेषणका क्रममा निगमनात्मक विधिअनुसार स्थापित सिद्धान्तका आधारमा वर्णनात्मक र व्याख्यात्मकविधिको प्रयोग गरी अन्त्यमा अर्थापनविधिद्वारा लेखलाई पूर्णता दिइएको छ । यस खण्डकाव्यमा प्रयुक्त पात्रहरूमा देखापरेका नारीवादी अभिलक्षणका आधारमा *विश्वामित्र-मेनका* नारीवादी चेतनाले भरिएको खण्डकाव्य हो भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : नारीवाद, परतन्त्रता, पितृसत्ता, पुरुषमानसिकता, शोषण, नारीमुक्ति

## विषयपरिचय

*विश्वामित्र-मेनका* खण्डकाव्यमा नारीवाद नै प्रस्तुत लेखको मूलविषय हो । कवि घनश्याम कँडेलले नेपाली साहित्यमा फुटकर कविता, गीतिनाटक, खण्डकाव्य र समालोचना क्षेत्रमा कलम चलाएका छन् । यी विविध विधामा छरिएको कँडेलको साहित्यिक व्यक्तित्वको मेरुदण्ड चाहिँ कविताकाव्य नै हो । हालसम्म कँडेलका *जीवनका सन्दर्भहरू* (२०५१) कविता सङ्ग्रह, *उज्योलोतिर* (२०५५) गीतिकाव्य, *वनको क्रन्दन* (२०५५), *आँसुको अक्षर* (२०६०) शोककाव्य, *देवयानी* (२०३९), *विश्वामित्र-मेनका* (२०६०) र *धृतराष्ट्र* (२०७३) खण्डकाव्य, *केही अन्वेषण केही विश्लेषण* (२०४०) तथा *यथार्थवादी नाटक* (२०४६) जस्ता समालोचनात्मक कृतिहरू प्रकाशित

भइसकेका छन् भने उनले *नेपाली समालोचना* (२०५५) नामक समालोचनात्मक कृतिको पनि सम्पादन गरिसकेका छन् । उनले लामो समयदेखि *रश्मि* नामक पत्रिकाको समेत सम्पादन गर्दै आएका छन् ।

घनश्याम कँडेलको कवित्व परिष्कारवाद र स्वच्छन्दतावादको उचित सन्तुलन र संयोजनमा अघि बढेको पाइन्छ । प्रगतिवादी क्रान्तिकारी चेतना, अध्यात्मप्रतिको आस्था, विश्वब्रह्माण्डप्रतिको रहस्यात्मक दृष्टि, बिम्ब तथा अलङ्कारको सहज स्वाभाविक प्रयोग, अनुष्टुप छन्दको भावानुसारी नर्तन, परिष्कारपूर्ण भाषाशैली, कला र भावको सन्तुलन आदि घनश्याम कँडेलका कवितामा पाइने काव्यात्मक विशेषता हुन् (न्यौपाने, २०६०, पृ.३०) । कविताकाव्यलाई सौन्दर्यपूर्ण तथा आस्वाद्य तुल्याउने अनेक कारण तत्त्वमध्ये काव्यकृतिमा रहेको विचारपक्ष पनि एक हो । विचारपक्षले कविताकाव्यको प्राण हो, जसले काव्यलाई सुस्वाद्य बनाउँछ । खण्डकाव्यकार कँडेलको *विश्वामित्र-मेनका* पौराणिक विषयवस्तुलाई आधार मानेर लेखिएको एक महत्त्वपूर्ण खण्डकाव्य हो । यस खण्डकाव्यमा विश्वामित्र र मेनका यी दुई पात्रका बीच प्रकट भएको विचारको मन्थनका माध्यमबाट सौन्दर्यको बोध, रसात्मकता, प्रकृतिप्रेम, स्वर्गको निन्दा नगरिकन नै पृथ्वीको अद्भुत आकर्षण प्रकट भएको छ भने वनस्पति, हरियाली पशुजीवनको गरिमा र विशिष्टता बारे व्यक्त गरिएको लेखकीय अनुभूतिले पाठकलाई मोहका अवस्थामा पुऱ्याउँछ । यस खण्काव्यमा कवि कँडेलको काव्यात्मक सीप विचारकै माध्यमबाट अत्यन्त आकर्षक र मनमोहक बन्नपुगेको छ । त्यसमाथि शास्त्रीय वर्णमात्रिक छन्दमाथि उनको कुशल पहुँच यस खण्डकाव्यमा देखिन्छ । यस काव्यभित्रमा प्रयुक्त अनुष्टुप लगायतका नौओटा छन्दहरूको कुशल संयोजनले कविको भावलाई सहजरूपमा वहन गरेको पाइन्छ । दुई अलगअलग विचार भएका पात्रहरूका बीच द्वन्द्व गराई जीवनमा योग र भोग दुवै प्रवृत्तिको आवश्यकता पर्नेहुँदा कुनै एउटाको मात्र निषेधले जीवन अपूर्ण र एकाङ्गी बन्ने हुनाले दुवैको आवश्यकता छ र यी दुवैलाई सँगै लिएर अघि बढेमा मात्र जीवनले सार्थकता पाउँछ भन्ने कुरा यस खण्डकाव्यमा नारीवादी चेतनाअनुरूप प्रस्तुत गरिएको छ । यस खण्डकाव्यमा रहेकी नारी पात्र मेनकाका माध्यमबाट नारीवादी चेतना सशक्तरूपमा प्रकट गरिएको छ । यस खण्डकाव्यमा नारीका पक्षमा केकस्ता विचारहरूको प्रकटीकरण गरिएको छ र नारीवादी चेतनाका आधारमा यो खण्डकाव्य केकस्तो रहेको छ भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ

**समस्याकथन**

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई विभिन्न कोणबाट अध्ययन गर्नसकिन्छ । कविताकाव्यलाई सौन्दर्यपूर्ण र आस्वाद्य तुल्याउने अनेक तत्त्वमध्ये यसमा प्रयुक्त विचारपक्ष पनि एक हो । प्रस्तुत खण्डकाव्यलाई नारीवादी सौन्दर्य चेतनाका आधारमा विश्लेषण गर्दा निम्नलिखित समस्याहरूमा केन्द्रित रही यो लेख तयार पारिएको छ :

(क) *विश्वामित्र-मेनका* खण्डकाव्यमा केकस्तो नारीवादी चिन्तनको प्रयोग गरिएको छ ?

**उद्देश्य**

समस्याकथनमा उठाइएको प्राज्ञिक प्रश्नको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो । प्रस्तुत अध्ययनको उद्देश्यलाई तलको बुँदामा समेटिएको छ :

(क) *विश्वामित्र-मेनका* खण्डकाव्यमा केकस्तो नारीवादी चिन्तनको प्रयोग गरिएको छ भन्ने कुराको निरूपण गर्नु,

**सीमाङ्कन**

*विश्वामित्र-मेनका* खण्डकाव्यमा कवि घनश्याम कँडेलले केकस्तो नारीवादी चेतनाको प्रयोग केकसरी गरेका छन्, खण्डकाव्यमा प्रयुक्त नारीवादी चेतनाको अभिव्यक्ति केकसरी भएको छ, नारीहरू आफ्ना दबेका इच्छा र आकांक्षा अरूलाई कुनरूपमा अभिव्यक्त गर्नथालेका छन् भन्ने कुराको अध्ययनमा यो अध्ययन सीमित रहेको छ । यस खण्डकाव्यमा प्रयुक्त नारीवादी चेतनाबाहेक काव्यकृतिको सौन्दर्यविधानसम्बन्धी अन्य पक्षका बारेमा अध्ययन गर्न नसक्नु यस अध्ययनको सीमा हो ।

**पूर्वकार्यको समीक्षा**

कवि घनश्याम कँडेलको जीवनी, उनका कविताकाव्य र खण्डकाव्यहरूका सम्बन्धमा विविध कोणबाट व्याख्या, विश्लेषण गर्ने काम भइसकेको छ । उनका खण्डकाव्यको विधातात्त्विक दृष्टिकोणबाट विद्यावारिधि स्तरीय अनुसन्धान भए पनि *विश्वामित्र-मेनका* खण्डकाव्यको नारीवादी विश्लेषण भएको पाइँदैन । कवि घनश्याम कँडेलको खण्डकाव्य यात्रा *देवयानी* (२०३९) खण्डकाव्यको रचनासँगै भएको हो । खण्डकाव्य यात्राको यो लामो कालखण्डमा कँडेलका तीनओटा खण्डकाव्यहरू प्रकाशित भएका छन् । यी तीन खण्डकाव्यमध्ये दोस्रो खण्डकाव्यका रूपमा *विश्वामित्र-मेनका* रहेको छ । उनको पहिलो खण्डकाव्य *देवयानी* र पछिल्लो खण्डकाव्य *धृतराष्ट्र* निकै चर्चामा रहे र यी दुई खण्डकाव्यलाई धेरैले अध्ययनको विषय पनि बनाए तर दोस्रो कृति *विश्वामित्र-मेनका*को विश्लेषणतर्फ अध्येताहरूको ध्यान गएको पाइँदैन । यो कृति नारीवादी चेतनाले पूर्ण छ । मानवीय जीवनका शाश्वत अनुभूतिहरू योग र भोगबाट सिर्जना हुने शृङ्गार र शान्तरसको द्वन्द्वात्मक प्रकटीकरणका दृष्टिले एवम् नारीवादी चेतनाका दृष्टिले यो सशक्त खण्डकाव्यका रूपमा रहेकाले यसैलाई प्रस्तुत लेखमा अध्ययनका विषय बनाइएको हो । यो खण्डकाव्य प्रकाशन भएको लामो अवधि नभएकाले यस कृतिका बारेमा धेरै समालोचकहरूले कलम चलाएका छैनन् । यो खण्डकाव्यको प्रकाशन र यसपछि कँडेलका खण्डकाव्यका बारेमा जेजति टीकाटिप्पणीहरू आएका छन् तिनैलाई पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमका आधारमा प्रस्तुत गर्न सकिन्छ :

मदनमणि दीक्षितले *विश्वामित्र मेनका* खण्डकाव्यको भूमिका स्वरूप 'अकविले कविता पढ्दा' शीर्षकको लेखमा यस खण्डकाव्यको पौराणिक विषयप्रसङ्गको सङ्केतका साथै यस काव्यले बोकेको उदात्त विचारका बारेमा प्रकाश पारेका छन् । यस खण्डकाव्यमा रहेको काव्यात्मक सौन्दर्यको चर्चाका क्रममा दीक्षितले लेखेका छन् :

> यस कृतिमा विश्वामित्र र मेनका यी दुई पात्रका माध्यमद्वारा सौन्दर्यबोध, रसात्मकता, प्रकृतिप्रेम, स्वर्गको निन्दा नगरीकन नै पृथिवीको अद्‌भुत आकर्षक, यसका वनस्पति, हरियाली, पृथिवीका पशुहरूका बीचको गरिमा र विशिष्टता आदिका समष्टिबारे व्यक्त गरिएको लेखकीय अनुभूतिले पाठकलाई मोहको अवस्थामा पुऱ्याउँछन् । (२०६६, पृ. अकविले कविता पढ्दा)

मदनमणि दीक्षितको विश्लेषण *विश्वामित्र मेनका* खण्डकाव्यको सौन्दर्य र गरिमासँग मात्र सम्बन्धित देखिन्छ । यस खण्डकाव्यमा केकस्तो गरिमापूर्ण विषयवस्तुलाई कुनरूपमा प्रस्तुत गरिएको छ भन्ने कुराको वर्णनमा केन्द्रित यस विश्लेषणमा नारीवादी चेतनाका सन्दर्भमा चर्चा गरिएको छैन र सो उद्‌देश्य पनि दीक्षितको देखिँदैन ।

नरहरि आचार्यले *विश्वामित्र मेनका* खण्डकाव्यको भूमिका स्वरूप 'विश्वासका बिरुवाहरू' शीर्षकको लेखमा पौराणिक विषयवस्तु र त्यसको कठोरतालाई कवि कँडेलले सरल र आकर्षक बनाएका छन् भन्ने कुरा प्रस्तुत गर्दै कँडेलको यस खण्डकाव्यमा केकस्तो कलात्मक सौन्दर्य प्रकट भएको छ र यस खण्डकाव्यमा केकस्ता छन्दहरूको प्रयोग गरिएको छ भन्ने कुरा प्रस्तुत गरेका छन् । यस खण्डकाव्यमा रहेको कलापक्ष र छन्द प्रयोगबारे आचार्यले भनेका छन् : "कवि घनश्यामको काव्यात्मक सीप अत्यन्त आकर्षक र मनोरम छ । त्यसमाथि शास्त्रीय

वर्णमात्रिक छन्दमाथि उनको साधिकार पहुँच देखिन्छ । नौ प्रकारका छन्दहरूको प्रयोगले मात्र होइन प्रसङ्गअनुसार छन्द परिवर्तनको कुशलताले पनि प्रस्तुत काव्यमा कविको शैलीसौन्दर्यलाई देखाएको छ" (२०६६, पृ. विश्वासका बिरुवाहरू) ।

नरहरि आचार्यको प्रस्तुत विश्लेषण खण्डकाव्यकार कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यको शैली तथा छन्द प्रयोगमा मात्र सीमित देखिन्छ । यस विश्लेषणमा कँडेलका खण्डकाव्यहरूमा केकस्तो नारीवादी चेतनाको प्रयोग गरिएको पाइन्छ र नारीवादी चेतना प्रयोगका कारण कविको कथ्यअर्थमा केकस्तो प्रभावकारिता उत्पन्न भएको छ भन्ने कुराको विश्लेषण गरिएको छैन र सो उद्देश्य पनि आचार्यको देखिँदैन ।

कवि घनश्याम कँडेलले *विश्वामित्र-मेनका* खण्डकाव्यमा रहेको लेखकीय अभिव्यक्ति 'आत्मनिवेदन' मा व्यक्ति सर्वदा राग र विरागबाट मुक्त हुन नसक्ने विचार प्रस्तुत गर्ने क्रममा जीवनले अतिवादमा होइन, समन्वय र सन्तुलनमा पूर्णता पाउने कुरा उल्लेख गर्दै प्रेम योगमय र योग प्रेममय बनेमा मात्र जीवनले पूर्णता पाउने कुरा उल्लेख गरेका छन् (२०६६, पृ.आत्मनिवेदन) । कँडेलले आफ्नो खण्डकाव्यमा केकस्तो नारीवादीचेतना प्रस्तुत गरिएको छ भन्ने कुरामा कुनै चर्चा गरेका छैनन् ।

गोविन्दराज भट्टराईले *देवयानी* खण्डकाव्यको 'सबै कथा मानवका पक्षमा मानवीय दृष्टिकोणले काव्यको आवरणमा छ' शीर्षकको भूमिकामा *देवयानी* खण्डकाव्यमा रहेको विषयवस्तुका साथै अन्य विभिन्न पक्षमा प्रकाश पार्ने काम गरेका छन् । कवि कँडेलले पौराणिक विषयवस्तुलाई पनि नितान्त मौलिक, नवीन र छुट्टै दृष्टिकोणका साथ प्रस्तुत गरेको कुरा उल्लेख गर्दै भट्टराईले भनेका छन् :

> प्रस्तुत काव्यमा पुनर्संरचनात्मक सोच र त्यसको लागि उपयुक्त परिकल्पनाको उपयोग गरिएको छ । तर त्योभन्दा माथि यस कृतिले मानव जीवनलाई दिएको सन्देशले यसलाई अमर राख्नेछ । शान्ति र प्रेमको आह्वान गर्दै काव्य टुङ्गिन्छ । यहाँका पात्र र परिवेशको प्रस्तुतिलाई अनुष्टुप छन्दले बाँधेर सुन्दर कलात्मकता दिएका छन् । ती अनुकुलित छन्, नेपालका नेपाली मनले बुझ्ने लाग्दछन् । काव्योचित शैली, वर्णनको सुललितताले यसलाई उचाइ दिएका छन् । (भट्टराई, २०६७, पृ.७)

समालोचक भट्टराईले कवि घनश्याम कँडेलको *देवयानी* खण्डकाव्यहरूमा केकस्ता विषयवस्तुलाई कुनरूपमा प्रस्तुत गरिएको छ र उनका खण्डकाव्यहरूको शैली केकस्तो रहेको हुन्छ भन्ने सन्दर्भमा आफ्ना विचारहरू प्रस्तुत गरे पनि कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यका प्रयुक्त नारीवादी चेतनाको विश्लेषण गरेका छैनन् र त्यो उद्देश्य पनि उनको देखिँदैन ।

माधवप्रसाद पोखरेलले कवि कँडेलको पछिल्लो कृति *धृतराष्ट्र* खण्डकाव्यको भूमिका स्वरूप 'धृतराष्ट्रमा घनश्याम कँडेलको कवित्व' शीर्षकमा कवि कँडेलले महाभारतीय मिथकको प्रयोग गरी उनले *देवयानी, विश्वामित्र मेनका* र *धृतराष्ट्र* खण्डकाव्यको निर्माण गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् (२०७३, पृ.ख) । पोखरेलको विश्लेषणमा उनका खण्डकाव्यमा केकस्ता विषयको प्रयोग गरिएको हुन्छ भन्ने कुरामात्र चर्चा गरिएको छ तर *विश्वामित्र-मेनका* खण्डकाव्यमा केकस्तो नारीवादी चेतनाको अभिव्यक्ति छ भन्ने विषयमा कुनै चर्चा गरिएको पाइँदैन र सो उद्देश्य पनि पोखरेलको देखिँदैन ।

सुभाषचन्द्र न्यौपानेले कवि घनश्याम कँडेलको पछिल्लो कृति *धृतराष्ट्र* खण्डकाव्यको अभिघातीय विश्लेषण गरेका छन् । उनले यस खण्डकाव्यको प्रमुख पात्र धृतराष्ट्र केकस्ता अभिघातीय पीडा सहेर बाँच्न विवश छन् भन्ने कुरालाई आफ्नो विश्लेषणमा प्रस्तुत गरेका छन् (२०७५, पृ.४५) । यो विश्लेषण *धृतराष्ट्र* खण्डकाव्यसँग

मात्र सम्बन्धित रहेकाले यसमा *विश्वामित्र-मेनका* खण्डकाव्यका पक्षमा कुनै प्रकाश पारिएको छैन र सो उद्देश्य पनि न्यौपानेको देखिँदैन ।

माथि प्रस्तुत भएका यी पूर्वकार्यहरू कुनै न कुनै रूपमा खण्डकाव्यकार घनश्यामका कँडेलका खण्डकाव्यसँग सम्बन्धित छन् । यी माथिका कुनै पनि टिप्पणीमा कवि कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यको नारीवादी चेतनाका पक्षमा चर्चा गरिएको छैन । नारीवाद कविताकाव्यको प्रमुख विचारपक्ष हो । विचारकै कारण काव्यकृतिको कथावस्तु जीवन्त र सशक्त बनेको हुन्छ । त्यसैले प्रस्तुत अध्ययमा काव्यकृतिको आकर्षण र उद्देश्यको केन्द्रका रूपमा रहेको नारीवादी चेतनाको अवस्था केकस्तो रहेको छ भन्ने कुराको निरूपण यस लेखमा गरिएको छ ।

## शोधको औचित्य र महत्त्व

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा नारीवादी चेतनाको खोज गरी उनको यस कृतिमा केकस्तो नारीवादी विचार प्रकट प्रयोग भएको छ भन्ने कुराको निरूपण गरिने भएकाले यस अध्ययनको औचित्य रहेको देखिन्छ । कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त नारीवादी चिन्तनका सन्दर्भमा खासै चर्चा गरिएको पाइँदैन । कँडेलको यस खण्डकाव्यका सन्दर्भमा गरिएका टिप्पणीहरूमा उनले यस खण्डकाव्यमा केकस्ता विषयवस्तुको प्रयोग गरेका छन्, यस खण्डकाव्यको शैलीशिल्प केकस्तो रहेको छ र यस खण्डकाव्यमा केकस्ता छन्दहरूको प्रयोग गरिएको छ भन्ने विषयमा मात्र चर्चा गरिएको छ । कविताकाव्यलाई भावपूर्ण र आस्वाद्य बनाउने महत्त्वपूर्ण पक्ष भनेको विचारपक्ष हो । कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा केकस्तो नारीवादी विचारको प्रयोग कसरी गरिएको छ, नारीवादी अभिव्यक्तिका दृष्टिले घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्य केकस्तो रहेको छ भन्ने विषयमा यस अनुसन्धानले ठोस र आधिकारिक जानकारी दिने हुनाले यस अध्ययनको औचित्य रहेको छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ ।

## सीमाङ्कन

खण्डकाव्यकार घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यको नारीवादी विश्लेषणमा केन्द्रित हुनु प्रस्तुत लेखको सीमाङ्कन हो । यस खण्डकाव्यमा केकस्तो नारीवादी चेतनाको स्वरूप भेटिन्छ भन्ने विषयमा यस अघि कुनै चर्चा भएको पाइँदैन । त्यसैले नारीवादी चेतनाको प्रस्तुतिका आधारमा कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यको विश्लेषणमा यस अध्ययनलाई सीमित गरिएको हो । यस अनुसन्धानमा *विश्वामित्र-मेनका* खण्डकाव्यमा प्रयुक्त नारीवादी वैचारिकपक्षको मात्र विश्लेषण गर्नु रहेकाले यसबाहेकका काव्यकृतिलाई विश्लेषण गर्ने अन्य पक्षबाट केलाउन नसक्नु प्रस्तुत अध्ययनको सीमा हो ।

# शोधविधि

## सामग्री सङ्कलन विधि

प्रस्तुत शोधसमस्याको समाधानका लागि कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने कँडेलको यस खण्डकाव्यका पक्षमा प्रकाश पारी लेखिएका यसभन्दा अगाडि नै प्रकाशित भइसकेका पुस्तक, पत्रपत्रिका, भूमिका आदिलाई र नारीवादी चेतनासँग सम्बन्धित पुस्तकलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । मूलरूपमा प्रस्तुत अध्ययनका लागि पुस्तकालयमा प्राप्त सामग्रीहरूको अध्ययन गरी पुस्तकालीय विधिका आधारमा सामग्री सङ्कलन गरिएको छ ।

### विश्लेषणविधि

प्रस्तुत लेखलाई व्यवस्थित एवम् वस्तुगतरूपमा अगाडि बढाउनका लागि निगमनात्मकविधिको प्रयोग गरिएको छ। घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई आधार बनाएर उनको यस खण्डकाव्यको नारीवादी विश्लेषण गरिएको छ। कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यलाई वर्णनात्मकरूपमा विश्लेषण गर्दै व्याख्यात्मक वा विश्लेषणात्मकविधिको समेत प्रयोग गरी अन्त्यमा अर्थापनविधिद्वारा प्रस्तुत लेखलाई पूर्णता दिइएको छ।

## परिणाम तथा छलफल

### नारीवाद

पाश्चात्य साहित्य समालोचना र सिद्धान्तका क्षेत्रमा दोस्रो विश्वयुद्धपछि विकसित भएका विभिन्न चिन्तनहरूमध्ये नारीवादी चिन्तन एक प्रवल र सशक्त चिन्तनका रूपमा देखापरेको छ। साहित्यमा नारीवादी चिन्तनको प्रारम्भ खासगरी सन् १९५० को दशकपछि भएको देखिन्छ। मुख्यरूपमा पुरुषप्रधान समाजका विरुद्ध नारीविद्रोहलाई नारीवादी चेतनाको प्रारम्भ मानिन्छ। राजनीतिबाट साहित्यमा ओर्लिएको फेमिनिज्म शब्दको नेपालीकरण नै नारीवाद हो। नारीवाद राजनैतिक सातामूलक विचार बोकेको साहित्यिक आन्दोलन हो। यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा विश्वका आधाभन्दा बढी नारीहरूको साहित्यिक स्वतन्त्रताको शङ्खघोष गर्ने र परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्यायको थालनी हो। नारीजातिका तर्फबाट साहित्यलाई बुझ्ने र बुझाउने तथा नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको अन्त्य गर्ने आन्दोलन नै नारीवाद हो। यो यौनस्वतन्त्रताको अधिकार प्राप्ति र सर्वतोमुखी पितृसत्तात्मक शोषणको विरोधको सशक्त हस्ताक्षर हो (एटम, २०६१, पृ.१५४)। नारीवादी चिन्तनको प्रारम्भ अमेरिकी स्वतन्त्रता सङ्ग्राम तथा फ्रान्सेली राज्यक्रान्तिदेखि नै भएको पाइन्छ। लिङ्गका आधारमा मानव जातिकै अपमान गर्ने परम्पराको भयावह स्थिस्तिको चित्रण गरी लेखिएको सिमोन द बुवाको *द सेकेन्ड सेक्स* (ई. १९४९) नामक पुस्तक प्रकाशित भएपछि नारीवादी आन्दोलनले निकै तीव्रता पाएको देखिन्छ (बराल, २०५६, पृ.८९)। नारी आफैँले आफ्नो अस्तित्वका लागि गर्नुपर्ने सङ्घर्षको प्रकटीकरणसँगै पाश्चात्य समाजमा नारीमुक्तिको आन्दोलनले विश्वव्यापी मोड एवम् गति लिँदै गएको पाइन्छ। साहित्यिक नवमूल्याङ्कनका लागि आह्वान गर्दै नारीवादीहरूले पुराना आलोचकका यौनरूढिलाई पर्दाफास गरी तिनको नारीवादी व्याख्या र नारी लेखकका धारणालाई पुनर्निमाण एवम् पुनर्जीवित गर्नुपर्ने कुरामा नारीवादी साहित्यले जोड दिनथालेको पाइन्छ (एटम, २०६१, पृ.१५६)।

नारीवादी चिन्तनको विकास तीन चरणमा भएको देखिन्छ। प्रथम चरणमा पितृसत्तात्मक चिन्तनको विरोधका रूपमा यो विचार अगाडि बढेको पाइन्छ। पुरुषले नारीमाथि गर्ने थिचोमिचो, अन्याय र अत्याचारका बारेमा सजग गराउँदै चेतना फैलाएने काम यस चरणमा भएको पाइन्छ। साहित्यमा नारीलाई उचित स्थान नदिएकोमा विरोध जनाउँदै नारीका पुरुषका पक्षमा उभिन आह्वान गर्ने काम पनि यसै चरणमा गरिएको देखिन्छ। दोस्रो चरणमा नारीवादी साहित्यको खोज प्रारम्भ भएको पाइन्छ। यस चरणमा नारीहरू कसरी सफल र सशक्त लेखक बन्नसक्छन् भन्ने चिन्तन प्रस्तुत भएको देखिन्छ। पुरुष क्षमता र नारी क्षमतामा फरक नभएको तर अवसर र सामाजिक परम्परित मान्यताका कारण नारीहरू पिछडिएका र दुर्बल बनेका विचारहरू यसै चरणमा प्रस्तुत गरिएको देखिन्छन्। यसका साथै नारीद्वारा लेखिएका कृतिहरूको खोजी गर्दै नारीले नारीलाई आफ्ना कृतिहरूमा केकसरी प्रस्तुत गरेका छन् भन्नेतर्फ चासो राखिएको छ। तेस्रो चरणमा नारीवादी समालोचनाको स्थापना र विकास तीव्ररूपमा भएको छ (शर्मा र लुइटेल, २०६१, पृ.३७५)। यसरी नारीवादी नारीवादी मूल्यमान्यता र

सिद्धान्तको विस्तार समालोचनाको क्षेत्रमा अघि बढेको देखिन्छ । नारीवादी समालोचनालाई मनोवैज्ञानिक, जीववैज्ञानिक, ऐतिहासिक, भाषावैज्ञानिक आदि विभिन्न कोणबाट गर्ने परम्परासमेत विकसित हुँदै गएको देखिन्छ ।

साहित्यिक क्षेत्रमा नारीवादी आन्दोदनको आफ्नै वैशिष्ट्य छ तापनि साहित्य तथा कलाका क्षेत्रमा भएको नारीवादी आन्दोलन मूल नारीवादी आन्दोलनको एक अंशमात्र हो । सिङ्गो नारीवादी आन्दोलनको क्षितिज निकै विस्तारित भएको पाइन्छ । पितृसत्तात्मक समाजको विकाससँगै नारीमाथि हुने शोषणको पनि आरम्भ भयो । सामन्ती र पुँजीवादी समाजमा हुने गरेको शोषणले अझ तीव्ररूप लियो । आज पनि नारीहरूलाई केवल सन्तान जन्माउने साधन, गँवार, अज्ञानी, पुरुषकी दासी, मनोरञ्जनकी साधन, विज्ञापनको सशक्त माध्यमका रूपमा प्रस्तुत गरिन्छ । नारीमाथि हुने विविध शोषणकै क्रममा नारीहरूतथा नारी स्वतन्त्रताका पक्षधर पुरुषहरूबाट नारीको मुक्ति र स्वतन्त्रता सम्बन्धी अवधारणाहरूले आनदोदनको रूपमा लिएका हुन् (बराल, २०५६, पृ. ८९) । नारीवादी आन्दोलनले नारीशोषणका विरुद्धको चेतनालाई केन्द्रमा राखी हरेक क्षेत्रमा देखिएका शोषणबाट मुक्तिका लागि नारीहरूलाई चेतनशील बनाउने र एकजुट गर्ने कार्य गर्दै आएको पाइन्छ । यही नारीवादी चिन्तन कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यमा केकसरी र कुनरूपमा अभिव्यक्त हुनपुगेको छ भन्ने कुराको निरूपण यस लेखमा गरिएको छ ।

## विश्वामित्र मेनका खण्डकाव्यको नारीवादी विश्लेषण

खण्डकाव्यकार घनश्याम कँडेलको *विश्वामित्र-मेनका* खण्डकाव्यकी प्रमुख नारी चरित्र तथा नायिका मेनकाका अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ । यस खण्डकाव्यको छैटौं सर्गका रूपमा रहेको 'मन्थनको मिठास' शीर्षकको कथावस्तुमा ऋषि विश्वामित्र र अप्सरा मेनकाका बीच भएको संवादका क्रममा मेनकाले प्रस्तुत गरेका विचारहरू तथा विश्वामित्रले अनुभव गरेका केही अभिव्यक्तिहरूमा सशक्त नारीवादी चिन्तन प्रकट भएको पाइन्छ । यस खण्डकाव्यका अन्य सर्गहरूमध्ये 'आह्लादित मेनका' नामक तेस्रो सर्गमा स्वर्गबाट यस धर्तीमा झरिसकेपछि नायिका मेनकाले आफू इन्द्रको राज्यशासनमा कृतदाससरह अस्तित्वविहीन भएर बाँच्नुपरेका कुराको स्मरण गर्ने क्रममा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ । अन्य सर्गहरूमा भने नारीवादी चिन्तन प्रकट भएको देखिँदैन । तेस्रो तथा छैटौं सर्गमा नारीका पक्षमा, उसका हक र अधिकारका पक्षमा वकालत गरिएको छ भने नारीहरूले आफ्ना सम्पूर्ण इच्छा आकाङ्क्षाहरूलाई दबाएर पितृसत्तात्मक शासन व्यवस्थाका अगाडि निरिह भएर बाँच्नुपर्दाका मानसिक तथा शारीरिक कुण्ठाका साथै त्यसबाट मुक्तिका लागि बुलन्त आवाज उठाइएका अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ ।

*विश्वामित्र-मेनका* खण्डकाव्यको तेस्रो सर्गका रूपमा रहेको 'आह्लादित मेनका' शीर्षकको कथावस्तुभित्र रहेका मेनकाका केही अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ । विश्वामित्रको तपस्याबाट त्रस्त बनेका स्वर्गका राजा इन्द्रले ऋषिको तपस्याभङ्ग गराउन स्वर्गबाट धर्तीमा पठाइएकी अप्सरा मेनका यस धर्तीको रमणीयता र स्वतन्त्रता देखेर अतिप्रसन्न भएकी छन् । इन्द्रले स्वर्गबाट धर्तीमा झारेर आफूलाई दण्ड दिएका हुन् भन्ने आशङ्कामा रहेकी मेनकाले इन्द्रको यस कार्यबाट आफू अनुगृहित भएको ठानेकी छन् । यस धर्तीको स्वतन्त्रता र उन्मुक्त जीवनशैली देखेर आफूले स्वर्गमा पाएको कष्टको महसुस गरेकी छन् । त्यस स्वर्गमा आफ्नो कुनै अस्तित्व नभएको र आफू अर्कैको इच्छापूर्तिका लागि, मनोरञ्जनका लागि, वासनापूर्तिका लागि कठपुतलीसरह बाँच्नुपरेको आफ्नो बाध्यात्मक अवस्थाको स्मरण गर्ने क्रममा मेनकाले प्रस्तुत गरेका निम्नलिखित अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ :

मेरो थियो स्वत्व नै स्वर्गमा कुनै
न देह आफ्नो त्यसको न भोग नै
मर्जी अरूकै अरुकै खुसी मजा
निर्दोष भोग्थेँ म त्यहाँ सधैँ सजा ।
इच्छा अनिच्छा सबथे निरर्थक
थेँ बाँधिएकी सुरस्वार्थमा म त
तुहाइ आफ्ना सपना प्रतिक्षण
थिएँ नचाहे पनि नाच्न बाध्य म ।
मेरो थियो रूप र रङ्ग यो सधैँ
सौन्दर्यको किन्तु भएन भान नै
थिएँ म खाली पुतलीसरी त्यहाँ
पाएँ यहाँ जीवन आज यो नयाँ । ( पृ.२३/२८)

त्यस स्वर्गमा मेरो कुनै अस्तित्व थिएन । यो शरीर आफ्नो भएर पनि यसको भोग आफ्नालागि कहिल्यै गर्नपाइनँ । अरूकै खुसी र मजाका लागि यस शरीरको प्रयोग हुन्थ्यो । म निर्दोष अवलानारी सधैँ यस किसिमको यातना भोग्न बाध्य थिएँ । स्वर्गमा मेरा इच्छा र अनिच्छाको कुनै अर्थ थिएन । म देवताहरूको स्वार्थले बाँधिएकी थिएँ । आफ्ना सपनाहरूलाई प्रत्येक क्षण तुहाउँदै म नचाहिकन पनि नाच्न विवश थिएँ । मेरो यो शरीरको रूप र लावण्य यस किसिमको आकर्षक छ भन्ने भान नै मलाई कहिल्यै भएन । म खाली पुतलीसरि देवताहरूको स्वार्थपूर्तिका लागि नाचिरहेकी थिएँ, भोग्य वस्तु बनिरहेकी थिएँ । आज यहाँ आएर नयाँ जीवन पाएको अनुभव गरिरहेकी छु भन्ने मेनकाको अभिव्यक्तिमा नारीवादी चेतना प्रकट भएको छ । नारीले आफूमाथि भएका शोषणका विषयमा यसरी खुलेर विचार प्रकट गर्नु, आफू आजसम्म अज्ञानको अन्धकारमा रहेको कुराको बोध हुनु, आफ्ना इच्छा अनिच्छा सबै दबाएर देवताहरूको स्वार्थका लागि, पुरुष देवताहरूको यौनसुखका लागि यौनदासीसरह भएर बाँच्नुपरेको कुरा मेनकाले बोध गर्नसकेकी छन् । आफूमाथि भएको अन्याय, अत्याचार, शोषण र उत्पीडनका बारेमा आफ्ना विचार सहजरूपमा मेनकाले प्रकट गर्नसकेकी छन् । यही मेनका अभिव्यक्तिमा नारीवादी चेतना अभिव्यक्त हुनपुगेको छ । आजसम्म आफूमाथि भएको शोषणको चेतनासम्म नहुने अवस्थाका नारीहरूमा यस किसिमको नेचतनको बोध हुनु र आफ्ना विचारहरूलाई प्रकट गर्नसक्नु नै नारीवादी चेतन अभिव्यक्त हुनु हो । अतः मेनकाका अभिव्यक्तिमा आएका यी विचारहरूमा नारीवादी चेतना सशक्तरूपमा प्रकट भएको पाइन्छ ।

*विश्वामित्र-मेनका* खण्डकाव्यको छैटौं सर्गमा विश्वामित्र र मेनकाको संवादका क्रममा मेनकाले प्रस्तुत गरेका विभिन्न विचारहरू र विश्वामित्रले नारीका बारेमा अनुभव गरेका केही कथनहरूमा नारीवादी चेतना अभिव्यक्त भएको पाइन्छ । मेरो मन हजुरतिर तानियो, मजस्ती रमणी पाएर कसैले पछुताउनुपर्दैन । म तपाइँको प्रेम प्राप्त गर्नचाहन्छु भनी मेनकाले विश्वामित्रसँग प्रेमको याचना गरेकी छिन् । विश्वामित्र भने तिर्सनाबाट कसैले पनि तृप्ति पाउन नसक्ने हुनाले तुच्छ वासनालाई त्यागेर आफूभित्रको अन्तःचेतनाजगाउन आग्रह गर्दै मनका विकारहरू हटिसकेपछि व्यक्ति स्वयम् प्रेमको घर बन्ने कुरा प्रस्तुत गर्छन् । ऋषि विश्वामित्रले वासनात्मक प्रेमलाई मोडेर आध्यात्मिक प्रेमतर्फ लान खोजेको विचारको खण्डन गर्दै मेनकाले प्रस्तुत गरेका निम्नलिखित अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ :

महर्षि गुम्सिई बस्ने प्रेमको के प्रयोजन

जसले थप्न सक्दैन सृष्टिमा नवजीवन ।
जमेर आफुमा मात्र हुँदैन हुन सीमित
प्रेमले पर्छ पग्लेर सृष्टिमा बन्न विस्तृत ।
सधैँ नै प्रेमले पर्छ पुष्पझैँ फुल्न पाउनू
बनी सुगन्ध धर्तीमा पर्छ त्यो मग्मगाउनू ।
थालिन्छ प्रेमको यात्रा देहका द्वारबाट नै
नदेखी द्वार पुग्दैन भित्री त्यो प्रेममा कुनै ।
देहका खेल हुन् खाली यहाँ छन् जति जीवन
नखेले देहले चल्छ कसरी सृष्टिको क्रम । (पृ.५४/५५)

परम्परागत पितृसत्तात्मक समाजमा नारीहरू शारीरिक प्रेमका विषयमा खुलेर आफ्ना विचारहरू प्रकट गर्नसक्दैनथे तर यहाँ मेनकाले महर्षि विश्वामित्रसँग खुलेर शारीरिक प्रेम र वासनाको महत्त्व उजागर गरेकी छन् । आफैँलाई मात्र प्रेम गरेर आध्यात्मिकरूपमा सन्तुष्ट हुने प्रेमको कुनै प्रयोजन छैन । जुन आत्मसन्तुष्टिबाट प्राप्त हुने प्रेमले सृष्टिमा नवजीवन थप्नसक्दैन । प्रेम आफैँमा जमेर सीमित हुनुहुँदैन । प्रेमले त पग्लिएर सृष्टिमा फैलन सक्नुपर्छ । प्रेमले सधैँ पुष्पझैँ फुल्न पाउनुपर्छ र सुगन्ध बनेर धर्तीमा मग्मगाउन पाउनुपर्छ । खाली आकाशमा उड्ने बादलसरि काल्पनिक प्रेम साँचो अर्थमा प्रेम होइन । प्रेमले बर्सिएर सृजनाको बीज छर्नसक्नुपर्छ । प्रेमको यात्रा नै देहका द्वारबाट थालिन्छ । जब देहका द्वार नै देखिँदैनन् भने त्यो प्रेम कसरी वास्तविक भित्री प्रेममा परिणत हुनसक्छ र ? यो सारा संसार देहरूपी द्वारबाट निसृत प्रेमको परिणाम हो । यदि प्रेमले देहका द्वारसँग खेल नै नखेल्ने हो भने यो सृष्टिको क्रम कहाँ र कसरी चल्छ र ? भन्ने मेनकाको कथनमा मानवीय यौनको आवश्यकता र त्यसको परिणाम के हो भन्ने गहन विचार प्रकट भएको छ । नारीहरूले एउटा परपुरुषसँग शारीरिक प्रेमका विषयमा यसरी खुलेर विचार राख्नसक्नु र शारीरिक प्रेम केवल यौन सुखमात्र नभएर यो त सृष्टिको अपरिहार्य कार्य हो भन्ने कुरा प्रस्तुत गर्नु नारीवादी चेतनाको सशक्त अभिव्यक्ति हो । वास्तविक प्रेमको सुरुआत नै शारीरिक प्रेमबाट नै हुन्छ । शारीरिक प्रेम नै नभए वास्तविक प्रेमको भित्री मर्म उद्घाटन हुँदैन भनेर मेनकाले खुलेर शारीरिक प्रेमको महत्त्व उजागर गरेकी छन् । यस किसिमले एउटी नारीले शारीरिक प्रेमका बारेमा खुलेर आफ्ना विचार प्रकट गर्नसक्नु नारीवादी चेतनाको अभिव्यक्ति हो ।

मेनकाले राखेका शारीरिक प्रेमका विचारको खण्डन गर्दै ऋषि विश्वामित्रले शारीरिक प्रेम केवल क्षणिक र दुःखको कारण भएको कुरा उल्लेख गरेका छन् । शारीरिक प्रेमभन्दा माथि उठेर मनोजयी बनेपछिमात्र व्यक्ति मुक्त हुनसक्छ । त्यसैले हे बाले ! तिमीभित्र असीम सम्भावनाहरू रहेका छन्, त्यसलाई तिमी भोगमा सीमित नगर भनेर ऋषि विश्वामित्रले भोगजन्य प्रेमलाई प्रेम नमानेर योगजन्य प्रेमतर्फ लाग्न आग्रह गरेपछि त्यस चिन्तनको प्रतिवाद गर्दै मेनकाले प्रस्तुत गरेका निम्नखिलित अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ :

खोज्नु भो चाहनाको नै चिता कि त बनाउन
खोज्नु भो कि त्यसैमा नै पुरुषत्व डढाउन ।
कहिल्यै ख्याल आएन के आफ्नै वयको पनि
सधैँ चाहेर पाइन्न यो जवानी र यो जुनी
फुल्दछन् फूल बेलामा बेलैमा फल्दछन् फल
जब बित्दछ बेला त्यो वृक्ष ठिङ्ग्रिन्छ केवल ।

बेलामै वयले गर्छ देहको प्रेम याचना
बाँकी बन्छ त्यसैको नै पछि केवल सम्झना ।
बलै मारेर मर्दैनन् बैंसका चाहनाहरू
मार्न खोज्दा तिनै जाग्छन् रक्तबीज बनी बरु ।
प्रेमको देहमा डुब्न नपाएपछि यौवन
विकारहरु बिस्तारै थाल्दछन् भित्र थुप्रिन ।
देहको प्रेम त्यो बेला बन्न सक्दछ औषधी
त्यसैको रसले स्वस्थ बन्न सक्दछ जिन्दगी । (पृ.५६/५७)

आफ्ना चाहनाहरूको चिता बनाएर त्यसैमा आफ्नो पुरुषत्व किन डढाउन खोज्नु भयो, आफ्नो यौवन अवस्थाको पनि ख्याल तपाईंलाई कहिल्यै आएन ? मानिसको यो जुनी र जवानी सधैँ चाहेर पनि पाउनसकिँदैन । यौवन अवस्थामा नै देहले प्रेमको याचना गर्छ । जब यौवन ढल्किन्छ त्यो केवल सुकेको वृक्षजस्तो मात्र हुन्छ । बल गरेर दबाउन खोजे पनि मनका चाहनाहरू मर्दैनन् । यसरी यौवनका चाहनाहरू दबाउन खोज्दा तिनै रक्तबीज बनेर जीवन नै समाप्त पार्नआइलाग्छन् । यौवनले देहका प्रेमरूपी कुण्ठमा डुब्न नपाएपछि त्यसैबाट विस्तारै विकारहरूको जन्म हुन्छ र ती मानसिक विकारका रूपमा थुप्रिन थाल्छन् । त्यसबेला ती विकारहरू हटाउने मूल औषधी नै शारीरिक प्रेम बन्नपुग्छ । त्यही शारीरिक सन्तुष्टिका कारण मानसिक विकारहरू हटी मानिस स्वस्थ बन्नसक्छ भन्ने प्रेम र यौनका विषयमा मेनकाले प्रस्तुत गरेका अभिव्यक्तिहरूमा नारीवादी चिन्तन सशक्तरूपमा प्रकट भएको पाइन्छ । आफ्ना इच्छा र आकाङ्क्षाहरूलाई दबाएर राख्नाले यौनअतृप्तिका कारण मानसिकरूपमा व्यक्तिको मनमा पर्ने नकारात्मक चिन्तन र विक्षिप्ताजस्ता कुराका बारेमा यस किसिमको विचार अभिव्यक्त गर्नु नारीवादी चेतना प्रस्तुत गर्नु हो । यौनका विषयमा नारीले खुलेर कुरा गर्नुलाई पाप सम्झने नेपाली समाजमा नारीले यसरी खुलेर यौन कर्मको समर्थन गर्नु र यौनतृप्तिका अभावमा हुनसक्ने मानसिक असन्तुलन तथा विकारहरूले मानिसलाई पुऱ्याउनसक्ने क्षतिका बारेमा व्यावहारिक र मनोवैज्ञानिक तर्क मेनकाले प्रस्तुत गरेकी छन् । मेनकाका यी तर्कहरूमा सशक्त नारीवादी चिन्तन प्रकट भएको पाइन्छ ।

मेनकाका तर्कपूर्ण र व्यावहारिक विचार सुनेर ऋषि विश्वामित्र पनि क्रमशः उनका विचारप्रति आकर्षित हुँदै जान्छन् । मेनकाको स्पष्टवादिता, निर्भीकता, विचारगत दृढता र नारीमुक्ति तथा स्वतन्त्रताका विचार सुनेर विश्वामित्रले प्रस्तुत गरेका निम्नलिखित अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ :

बनेँ जिल्ल म देखेर तिम्रो त्यो स्पष्टवादिता
नारीलाई पुऱ्याएछ अहिले युगले कता
कि आएछ कुनै आँधी ढलेछन् मान्यताहरू
नयाँ विश्वासका आज कि हुर्के बिरुवाहरू ।
भएछन् आजका नारी निकै साहसिला सुरा
अब यी पोख्न थालेछन् दबेका मनका कुरा
थालेछन् कि तिनै आज बनेर भेल उर्लन
सीमा साँधहरूलाई थालेछन् कि त बिर्सन । -पृ.५८)

तिम्रो यो स्पष्टवादिता सुनेर म जिल्ल परेँ । नारीलाई आज युगले कता पुऱ्याइसकेछ । कुनै आँधी आएर पुराना मान्यताहरू ढली विश्वासका नयाँ बिरुवाहरूहुर्केका पो हुन् कि ? आजका नारीहरू निकै साहसिला र सुरा

भएछन् । अब नारीहरू आफ्ना मनका दबेका इच्छाहरू प्रकट गर्नथालेछन् । वर्षौंसम्म यिनीहरूमा दबेर बसेका यी पीर, व्यथा यसरी साँधसीमाना बिर्सेर उर्लनथालेका हुन् कि भन्ने ऋषि विश्वामित्रको विचारमा नारीवादी चेतना प्रकट भएको पाइन्छ । कसैका सामु स्पष्टरूपमा बोल्न पनि नसक्ने, आफ्ना मनका सारा इच्छा आकाङ्क्षाहरूलाई कसैका सामु पनि प्रकट गर्न नसकी मानसिकरूपमा पीडित बनेर मनभित्रै दबाएर राख्ने नारीहरूले यसरी खुल्लारूपमा आफ्ना मनका विचारहरू निर्धक्कसँग प्रस्तुत गरेको देखेर विश्वामित्रले नारीहरूमा पनि चेतना, जागरण र ज्ञानको पूर्णबोध भइसकेको अनुभव गरेका छन् । यसरी नारीहरूमा चेतनाको बोध भई नवचेतनका विषयमा गहनरूपमा अभिव्यक्ति दिनु नारीवादी चिन्तन प्रकट हुनु हो । तसर्थ विश्वामित्रले पनि मेनकाका विचार सुनिसकेपछि सबै नारीहरूमा नारीवादी चेतनाको विकास भएको महसुस गरेका छन् ।

नारीहरूमा चेतनाको विकास भए पनि यौवनका आवेगहरूलाई यसरी निर्धक्कसँग परपुरुषका सामु प्रस्तुत गर्नु मर्यादा विपरीत हो भन्ने विश्वामित्रको विचार सुनिसकेपछि मेनकाले प्रस्तुत गरेका निम्नलिखित अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ :

चिनारी हो र नारीको जम्नु नै पोखरी बनी
के ऊ आफू खुसी बग्न पाऊन्न कहिल्यै पनि ।
हुँदैन अस्मिता आफ्नो के नारीको कुनै पनि
बाध्य छे पशुझैं बाँच्न के यो नारी पुरै जुनी ।
के श्वास पनि स्वेच्छाले पाउन्न उसले लिन
बाँच्नुपर्छ खटाएको श्वासमा मात्र जीवन ।
गृहिणीबाट नै बन्छ गृह भन्नेहरू पनि
नारीको वेदना बुझ्न सक्दैनन् किन हो कुनि ।
आधा आकाशमा कालो जबसम्म छ बादल
कसले भन्न सक्ला र भयो आकाश निर्मल ।
नारीका पाउमा हुन्छ जहिलेसम्म जन्जिर
कसरी शान्तिका साथ बस्न सक्ला र यो नर ।
सक्दैन एक पाङ्ग्राले चल्न जीवनको रथ
नरनारी मिलेमात्र हुन्छ यो सृष्टि सार्थक ।
म छु पूर्ण स्वयम्मा नै भन्नु हो व्यक्तिको अहम्
शिव बन्दैनथे नत्र अर्धनारीश्वर स्वयम् ।
नारी नै जननी बन्न बन्दछे प्रेयसी पनि
पाइन्थ्यो कसरी नारी नभए आज यो जुनी । (पृ.५९/६०)

नारीले मर्यादाको पालना गर्नुपर्छ भन्दैमा के मनका इच्छा र चाहनाहरूलाई मनमै दबाएर पोखरीजस्तो बनी जम्नु नै उसको जीवन हो र ? उसले कहिल्यै आफू सुखी नदीसरह बग्न पाउँदिन ? के नारीको कुनै स्वतन्त्र अस्तित्व हुँदैन ? के उसले जुनीभरि पशुले झैँ समाजका बन्धनहरूमा बाँधिएर बाँच्नुपर्छ ? के नारीले स्वेच्छाले सास पनि लिनपाउँदैनन् । नारीहरूले अर्काले खटाइदिएको श्वासमा मात्र बाँच्नुपर्छ ? गृहिणीबाट नै गृह बन्छ भन्नेहरू पनि किन नारीको वेदना बुझ्नसक्दैनन् ? आधा आकाश ढाकेका नारीहरूमा जबसम्म चेतनाको उद्बोध हुँदैन, तबसम्म कसरी संसारका प्राणीहरू चेतनशील हुनसक्छन् ? नारीका पाउमा जन्जिर रहेसम्म पुरुष कसरी

शान्तिका साथ बस्नसक्छ र ? नारी र पुरुष दुवैमा चेतनाको विकास भएमा मात्र सृष्टि सुन्दर हुन्छ । नर वा नारीमध्ये कुनै पनि एउटाले मात्र संसार चल्दैन । म आफैँमापूर्ण छु भन्ने भनाइ व्यक्तिको अहम् मात्र हो । पुरुष आफैँमा पूर्ण हुने भए शिव किन अर्धनारीश्वर बन्ने थिए । नारी नै जननी बन्नसक्छे । प्रेयसी पनि बन्नसक्छे । यो नारी नै नभएकी भए यो जुनी कसरी प्राप्त गर्नसकिन्थ्यो र भन्ने मेनकाको विचारमा सशक्त नारीवादी चिन्तन प्रकट भएको पाइन्छ । यस भनाइमा नारीको हक, अधिकार र स्वतन्त्रताको पक्षमा वकालत गरिएको छ । नारीमुक्तिका लागि सबैमा चेतना जागृत गर्नुपर्ने विचार प्रकट गरिएको छ । नारीलाई दासताबाट मुक्त गरेर स्वतन्त्र अस्तित्व प्रदान गर्नु पर्ने विचार प्रकट गरिएको छ । जबसम्म आधाभन्दा बढी सङ्ख्यामा रहेका नारीहरूमा चेतनको उदय हुँदैन, तबसम्म संसारबाट अज्ञानता हटेर नजाने भएकाले संसारबाट अज्ञानताको अन्त्यका लागि नारीमा चेतना भर्नु पर्ने विचार प्रकट गरिएको छ । संसारको निरन्तरताका लागि नारी र पुरुषको सहयात्रा आवश्यक भएको विचार मेनकाको यस विचारमा प्रकट भएको पाइन्छ । यी सबै विचारहरूमा नारीमुक्ति, नारीचेतना, नारीका सङ्घर्ष, जीवनबोधजस्ता कुरा प्रकट भएकाले यी विचारहरूमा सशक्त नारीवादी चिन्तन प्रकट भएको पाइन्छ ।

**निष्कर्ष**

कवि घनश्याम कँडेलको *विश्वामित्र-मेनका* पौराणिक विषयवस्तुमा आधारित नारीवादी चेतना अभिव्यक्त भएको खण्डकाव्य हो । यस खण्डकाव्यकी नायिका मेनका स्वर्गका देवताहरूका बीच दासीका रूपमा रहेकी थिइन् । उनमा आफ्नो मुक्तिको चैतन्यबोध भएको थिएन । जब स्वर्गका राजा इन्द्रले धर्तीमा विश्वामित्रको तपस्याभङ्ग गराउन मेनकालाई यस धर्तीमा पठाए, तब यस धर्तीमाझरेकी मेनकाले यहाँको स्वतन्त्रता र सौन्दर्य देखिन् । तबमात्र उनमा स्वर्गमा आफूमाथि भएको शोषणको बोध हुनथाल्यो । विश्वामित्रको पुरुषत्वमाथि आकर्षित भएकी मेनकाले ऋषि विश्वामित्रको सुसुप्त अवस्थामा रहेको पुरुषत्व जागृत गर्न र आफ्ना चाहनाहरू पूरा गर्नका लागि प्रस्तुत गरेका विभिन्न अभिव्यक्तिहरूमा नारीवादी चिन्तन प्रकट भएको पाइन्छ । सदियौँदेखि दबेर रहेका नारीका अन्तरमनका पीरव्यथाहरूलाई सहजरूपमा प्रकट गर्दै नारी मुक्ति र नारी अस्मिताको पक्षमा मेनकाले गहकिला र बौद्धिक तर्कहरू प्रस्तुत गरेकी छन् । संसारको उन्नति र प्रगतिका लागि नारी चेतनाको शङ्खघोष गर्नुपर्ने, नारीले पनि स्वतन्त्रतापूर्वक नदीसरह बग्नपाउनु पर्ने, उसले पनि आफ्ना इच्छा आकाङ्क्षाहरूको परिपूर्ति गर्नपाउनुपर्ने जुन विचार निर्धक्क र स्पष्टरूपमा विश्वामित्र ऋषिका सामु मेनकाले प्रस्तुत गरेकी छन्, यिनै तर्कका आधारमा *विश्वामित्र-मेनका* सशक्त नारीवादी खण्डकाव्य हो भन्ने कुरा पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्री

आचार्य, नरहरि (२०६६). विश्वासका विरुवाहरू. भित्र घनश्याम कँडेल (ले.). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल ।

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप.* साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०६६). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल ।क

कँडेल, घनश्याम (२०६६). आत्मनिवेदन. भित्र घनश्याम कँडेल (ले.). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल ।

दीक्षित, मदनमणि (२०६६). अकविले कविता पढ्दा. भित्र घनश्याम कँडेल. (ले.). *विश्वामित्र-मेनका.* सुभद्रा कँडेल ।

न्यौपाने, दीपकप्रसाद (२०६०). घनश्याम उपाध्याय कँडेलको जीवनी. व्यक्तित्व र कृतित्वको अध्ययन. (अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग). कीर्तिपुर ।

न्यौपाने, सुभाषचन्द्र (२०७५). धृतराष्ट खण्डकाव्यमा अभिघातीय चेतना. *ज्ञानदीप, ५*(३). पृ.३५-४६ ।

पोखरेल, माधव (२०७३). धृतराष्ट्रमा घनश्याम कँडेलको व्यक्तित्व. भित्र घनश्याम कँडेल. (ले.). *धृतराष्ट्र*. ऐरावती प्रकाशन प्रा.लि ।

बराल, ऋषिराज (२०५६). *उपन्यासको सौन्दर्यशास्त्र.* साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६७). सबै कथा मानवका पक्षमा मानवीय दृष्किोणले काव्यको आवरणमा छ. भित्र घनश्याम कँडेल (ले.). *देवयानी.* भीमसेन थापा ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।